WWW.DISCIPLEMAKERSINCREASE.ORG



दक्षिण एशियाली संस्करण

# DMM पाठ्यक्रम

चेला बनाउने अभियान

# निर्देशिका

# यस पाठ्यक्रम र निर्देशिकाको बारेमा




यो DMI द्वारा प्रदान गरिएको नेपाली भाषाको मोबाइलमैत्री DMMs पाठ्यक्रम र निर्देशिका हो। यो अनलाइन पाठ्यक्रमका लागि बाहेक अन्य कुनै ठाउँमा प्रयोग गर्नका लागि होइन।

यहाँ प्रिन्ट गर्न मिल्ने PDF फाइल पनिउपलब्धछ। (लिङ्क उपलब्ध छ)। यदि तपाईं चाहनुहुन्छ भने, यसलाई डाउनलोड गर्न, प्रिन्ट गर्न र पाठ्यक्रम सामग्रीलाई अध्ययन गर्दै गर्दा भर्न पनि सक्नुहुन्छ।

DMMs चेला बनाउने अभियान सुरुवात गर्दै भने यो पाठ्यक्रम सिएनिथिया एन्डरसन द्वारा निर्माण गरिएको हो । "DMMs मा सुरुवात गर्दै" पाठ्यक्रमका सबै सामग्री, स्रोतहरू, र बौद्धिक सम्पत्ति को अधिकारहरू dmmsfrontiermissions.com को स्वामित्वमा रहनेछ।

**पाठ्यक्रम अध्ययनको क्रममा ध्यान केन्द्रित गर्न नोट गर्नाले मद्दत पुर्याउँनेछ, यसले अवधारण सुधार गर्छ, समीक्षाको लागि बहुमूल्य स्रोत प्रदान गर्दछ।**

# → सामग्रीहरू



1 परमेश्वरद्वारा दिइएको तपाईं को ठूलो सपना स्पष्ट पार्नुहोस्।




2 के म चेला बनाउने कार्यका लागि अत्यन्त व्यस्त छु?



3 तपाईंको प्रार्थनाको योजना तयार गर्नुहोस्।



4 प्रशस्त मात्रामा वीउ छर्नु।



5 स्थानीय सहकर्मीहरू र शान्तिको मानिस खोज्नुहोस्।



6 तपाईंको पहिलो समूह सुरु गर्नुहोस्।

# मोड्युल १

## परमेश्वरद्वारा तपाईंलाई दिइएको ठूलो सपना बारे स्पष्ट पार्नुहोस्।



यस पहिलो मोड्युलमा, तपाईंले परमेश्वरद्वारा दिइएको ठूलो सपनालाई स्पष्ट पार्न र लेख्न सिक्नुहुनेछ। प्रत्येक पाठमा पढ्नका लागि सामग्री र कार्य कदमहरू प्रदान गरिएका छन्।

पाठ १: तपाईंको क्षेत्रका लागि परमेश्वरसँगै सपना देख्नुहोस।
पाठ २: ठुलो आवश्यकता छ ।
पाठ ३: एक टोली बनाउनुहोस र तिनीहरूलाई समितिमा सहभागि गराउनुहोस।
पाठ ४: अन्तिम दर्शनको वर्णन विकास गर्नुहोस् ।
पाठ ५: आफ्नो दर्शनको वर्णन लेख्नुहोस।

यस मोड्युलमा बुझ्न र छलफल गर्नका लागि मुख्य बुँदाहरू:
(यदि तपाई यो पाठ्यक्रम अरूसँग मिलेर अध्ययन गर्दैहुनु हुन्छ भने)

- परमेश्वरले हामीले ठुलो सपना देखेको चाहनु हुन्छ। उहाँको राज्यको लागि गुणनात्मक बृद्धिको सपना देखेको चाहनुहुन्छ।
- परमेश्वरको क्षमतामा हाम्रो विश्वास ठूलो हुनुपर्छ। परमेश्वरले तपाईंलाई टाटाको गाडि दिन चाहनुहुन्छ, भने किताब मात्र नमाग्नुहोस।
- तपाइसँग अरुहरु जोडिनु किन आवश्यक छ? र एउटा समुह  कसरी  बनाउने?
- कसरी DMMs र गुणात्मक चेला बृद्धिको लागि दर्शन प्रस्तुत गर्ने ?
- अन्तिम दर्शन वर्णन के हो र कसरी लेख्ने ।

मोड्युल १ - पुरा गर्नुपर्ने जिम्मेवारी यहाँ छ:
१) दर्शन प्रस्तुत गर्ने बैठकको आयोजना गनुहोस् र एउटा समुह सुरू गनुहोस्।
२) आफ्नो दर्शनको बारेमा लेख्नुहोस्। र तालिम लिइरहेका व्यक्तिहरूको व्हाट्सएप वा समूहमा पोस्ट गर्नुहोस् र तालिमका शिक्षकहरूबाट प्रतिक्रिय लिनुहोस। यसमा धेरै पटक सुधार गर्नपर्ने हुन सक्छ।




*"मलाई तिमीहरूले चुनेनौ, तर मैले तिमीहरूलाई चुनें र तिमीहरूलाई नियुक्त गरें, कि तिमीहरू जाओ, र फल फलाओ, अनि तिमीहरूको फल रहिरहोस्। यसैले तिमीहरूले पितासँग मेरो नाउँमा जे मागौला, उहाँले तिमीहरूलाई सो दिनुहुनेछ।"*

*यूहन्ना १५:१६*

## पाठ १
## तपाईंको क्षेत्रमा परमेश्वरसँगै सपना देख्नुहोस् ।




### नेपाली किसानहरु
एक नेपाली किसान थिए, उनी विश्वासयोग्य र परिश्रमी, साधारण र कम शिक्षित थिए। उनीले खेती किसानीबाट कमाएको पैसा अन्य व्यव्सायमा लगानी गरे, जुन बिस्तारै बढ्दै गयो र त्यस व्यवसायमा जसले लगानी गरेका थिए ति सबैले केही सेयर फिर्ता पाए।

ती किसानका तीन जना हुर्केका ठुला छोराहरु थिए। उनले त्यो पैसा आफ्ना छोराहरूलाई बाँड्न चाहे। तर छोराहरु नपुलपुलिउन भनेर उनले आफ्ना छोराहरलाई बोलाएर सोधे, "यदि तिमीहरूलाई केहि चाहिएको छ भने भन?"

जेठो छोरा, जसको विवाह भइसकेका थियो र उसको छोरो स्कूल जान थालेको थियो, उनले छोराको किताब किन्नको लागि पैसा मागे। माईला छोरा, जो काठमाडौंमा काम गर्थे, उनले आफ्नो लागि साइकल किन्नको पैसा मागे। कान्छो छोरा, उ अझै बाबुसँगै बस्थे उनको विवाह भएको थिएन, उनले व्यापार सुरु गर्नका लागि टाटा ट्रक किन्न बाबुसँग पैसा मागे।

किसानले प्रत्येक छोरालाई उनीहरूले मागेका कुरा दिए। जसले थोरै मागे, उसलाई थोरै दिइयो।

कान्छो छोराले आफ्ना बुबालाई राम्रोसँग चिनेका थिए, त्यसैले उनले ठूलो कुरा मागे। जुन उनले पाए।

हाम्रा स्वर्गमा बस्नुहुने पिताप्रतिको हाम्रो दृष्टिकोणले हामीले उहाँसँग के माग्छौं भन्ने कुरामा प्रभाव पार्छ। के हामीले उहाँलाई महान् र शक्तिशाली परमेश्वरको रुपमा देखेका छौ? जसले महान् कार्यहरु गर्न सक्नुहुन्छ । वा हामीले उहाँलाई केवल सानो कुरा मात्र दिन सक्ने कमजोर परमेश्वरका रूपमा देखेका छौ?

जब तपाईं आफ्नो दर्शनको बारेमा विचार गर्नुहुन्छ, परमेश्वर कति महान् हुनुहुन्छ भनेर सम्झनुहोस्। आफ्नो क्षेत्रमा नयाँ चेलाहरूको महान अभियानको लागि उहाँसँग प्रार्थना र अनुरोध गर्नुहोस्।

**कार्य कदमहरु :**

१) परमेश्वरले के गर्न चाहनुहुन्छ सो महसुस गर्नुभएको कुराहरू आफ्नो जर्नलमा वा नोट देख्नुहोस्।

२) परमेश्वरले दिनुभएको पवित्रशास्त्रका वचनहरू वा प्रतिज्ञाहरू लेख्नुहोस्। जस्ले तपाईलाई अर्को पाठको लागि तयार गराउनेछ ।

**तपाईं विद्यालयका किताबहरू माग्नु हुनुहुन्छ कि टाटाको ट्रक?**






## पाठ २
## ठुलो आवश्यकता छ ।



### ठुलो आवश्यकता छ ।

सुसमाचारमा पँहुच नभएका वा कम पँहुच भएका अर्बौं मानिसहरू अझै पनि संसारमा छन्। यस्ता समूहहरूलाई हामी पहुँच नभएका मानिसहरुको समूह भनेर चिन्छौ। जसलाइ (Unreached People Groups - UPGs) भनिन्छ।

युपीजी (UPG) लाई यस्तो समूहको रुपमा परिभाषित गरिएको छ जहाँ जनसङ्ख्याको दुई प्रतिशत भन्दा पनि कम ईसाईहरु हुन्छन् र त्यहा सुसमाचार सुनाउनका लागि कुनै स्थानिय मण्डलीहरू पनिछैनन्। अझ बढी पृथक जाति समूहहरू फ्रन्टियर जाति समूहहरू (FPGs) हुन्। यिनीहरूमा ०.१% वा त्यसभन्दा थोरै मात्र ईसाईहरू पाइन्छन्, र तिनीहरू माझ सुसमाचार पुर्याउने मानिसहरूको उपस्थिति निकै कम छ या त छदैछैन।

येशूले हामीलाई जाओ र सबै देशका जातिहरुलाई चेला बनाओ भनि आज्ञा दिनुभएको छ। (मत्ती २८: १९) । यसमा UPGs ( पहुँच नभएका जातिहरू) र FPGs (पृथक जातिहरु) समावेश छन्, जहाँ सबैभन्दा धेरै आवश्यकता छ। यी मानिसहरू त्यस्ता क्षेत्रहरूमा बस्न सक्छन् जहाँ प्रभु येशूको बारेमा थाहाँ नै छैन र इसाइहरुको उपस्थितिलाई निषेध गरिएको छ। यो जान्दा जान्दै पनि तिनीहरूकहाँ पुगेर सुसमाचार सुनाइएन भने, उनीहरूले कहिल्यै पनि शुभसमाचार सुन्न पाउने छैनन्।

### विचार गर्नुहोस्।

- दक्षिण एसियाका भारत, नेपाल, भुटान, बंगलादेश, पाकिस्तान, श्रीलंका, र माल्दिभ्स मा मात्रै करिब १.८४ अर्बभन्दा बढी मानिसहरु बसोबास गर्छन्:

- यी क्षेत्रहरुमा सांस्कृतिक र धार्मिक रूपमा अत्यन्त विविधता छन्। किनभने हिन्दू धर्म, बौद्ध धर्म, सिक्ख धर्म, र जैन धर्मजस्ता विश्वका प्रमुख धर्महरूको उदगम स्थलयहि नै हो।
- दक्षिण एसियामा मुस्लिम जनसंख्या उल्लेखनीय रूपमा धेरै देखिन्छ।, विशेषगरी बंगलादेश, पाकिस्तान, भारतका केही भागहरू, र माल्दिभ्समा।
- विविधताले भरिएको भएता पनि, दक्षिण एसियाका क्षेत्रहरु सुसमाचार सबैभन्दा कम पुगेको क्षेत्रहरूमध्ये एक हो, जहाँ ४,००० भन्दा बढी जाति समूहहरू छन्, जसमध्ये करिब ३,६६० जाति समूहहरू सुसमाचारको पहुँच बाहिर छन् ।
- यी पहुँच नभएका समूहहरुमा विल्कुलै रुपमा आफ्नै समुदायबाट इसाईहरु छैनन, या त भए पनि निकै कम छन। जसले गर्दा उनीहरू माझ सुसमाचार पुर्याउन जठिल बनाउँछ।
- यीमध्ये केही जाति समूहहरू दर्गम क्षेत्रहरूमा छुट्टै। बसोबास गर्छन्। भने केही चाँही व्यस्त शहरहरुमा बस्छन् तर अझै पनि आत्मिक अन्धकारमा छन्।
- दक्षिण एसियाका विश्वासीहरूले सक्रिय रूपमा आफ्नो विश्वास बाँड्छन् तर सीमित स्रोतसाधनमा सतावटको सामना गर्दैगर्दा, यो कार्य अत्याधिक भारी र चुनौतीपूर्ण लाग्न सक्छ।

## सबैलाई बोलावट छ।

विशेष गरी अशान्त मानिसका समूहहरू माझ अथवा सुसमचार नपुगेका मानिसहरूको बीच महान् आज्ञा पुरा गर्ने आवश्यकता अत्यन्तै धेरै छ। यो काम केवल चुनिएका पास्टर र अगुवाहरूको लागि मात्र होइन तर यो प्रत्येक विश्वासीहरूको बोलावट हो।

येशूले हामीलाई जाओ र सबै देशका जातिहरुलाई चेला बनाओ भनि आज्ञा गर्नुभएको छ। (मत्ती २८: १९) यो आज्ञा हामी सबैको लागि हो र हामी प्रत्येकको विशेष भूमिका हुन्छ । अर्बौं मानिसहरू अझै सुसमाचारको पहुँच बाहिर छन्, त्यसैले हामी निस्क्रिय रहन सक्दैनौ। हरेक ख्रीष्टियहरू चेला बनाउने अभियानमा सक्रिय रूपमा संलग्न हुनुपर्छ जहाँ मानिसहरूले कहिल्यै पनि सुसमचार सुनेका छैनन् त्यहाँ आत्मिकी अन्धकारमा रहेकाहरुसम्म सुसमचार पुर्‍याउने प्रयास गर्नुपर्छ। महान आज्ञा एउटा गम्भीर जिम्मेवारी हो र हामी सबै सँगै मिलेर सुसमाचार नपुगेका ठाउँहरूमा सुसमाचार फैएर रूपान्तरणको उत्प्रेरक बन्नुपर्छ।

## परमेश्वरले तपाईलाई प्रयोग गर्न सक्नुहुन्छ!

यस पाठ्यक्रममार्फत, तपाईं फल फलाउने चेला बन्न सिक्न सक्नुहुन्छ र अरूलाई पनि त्यस्तै गर्न तालिम दिन सक्नुहुन्छ। तपाईंले आफ्नो क्षेत्रमा सुसमाचारको पहुच नपुगेका जातिहरुलाई प्रभाव पार्न आफ्नो भूमिका निभाउन बारे सिक्नुहुनेछ।

कार्य कदमहरू: तपाईँको क्षेत्रमा सुसमाचारको पहुँच नपुगेका समुहहरू (UPGs) को बारेमा थप जान्नलाई सुरु गर्नुहोस्।

**१) आफ्नो क्षेत्रको अनुसन्धान गर्नुहोस्:**
आफ्नो जिल्ला, प्रदेश वा क्षेत्रको अनुसन्धान सुरु गर्नुहोस्। त्यहाँ कति जातीय समूहहरू छन् भनेर पत्ता लगाउनुहोस्। विशेष गरी, तीमध्ये कति समूहहरू "पहुँच नभएका व्यक्तिहरूको समूह" (Unreached People Groups) भनेर पहिचान गर्नुहोस्।

**२) विशेष पहुँच नपुगेका समुहमा (UPGs) ध्यान केन्द्रित गर्नुहोस्:**
तपाईको क्षेत्रमा सुसमचारमा पहुँच नपुगेका जाति समुह छान्नुहोस र तिनिहरुको बारेमा गहिरो अनुसन्धान गर्नुहोस। उक्त समूहको  जनसंख्या, सांस्कृतिक पृष्ठभूमि र धार्मिक विश्वासहरूबारेमा जान्नुहोस्।

- तिनीहरूको मुख्य धर्म के हो?
- के तिनीहरूको भाषामा सुसमाचार प्रचार सामग्रीहरू उपलब्ध छन्?
- के तिनीहरूको भाषामा बाइबल अनुवाद उपलब्ध छ?
- के सुसमाचार बाँड्न प्रयोग गर्न सकिने अडियो वा दृश्य सामग्रीहरू उपलब्ध छन्?
- के यी अझै  पहुँच नपुगेका जनजातिहरूमाझ काम गरिरहेका व्यक्ति वा संस्थाहरू छन्?



## पाठ ३
# एक समुह वा टोली बनाउनुहोस् र तिनीहरुलाई समितिमा भर्ति गर्नुहोस्।



### आफ्नो दर्शनलाई प्रस्तुत गर्दै सहयोगिहरुलाई समुहमा भर्ति गर्दै

### चरण १: बाढ्नु र निमन्त्रणा गर्नु (एक वा दुई हप्ता)
तपाईँको मण्डली, संस्था अथवा साथीहरूको समुहमा प्रार्थनापूर्वक विचार गर्नुहोस्। को–को तपाईँको दर्शनमा साथ दिन इच्छुक हुनुहुन्छ। उनीहरू पूर्ण समयको सेवक नै हुनुपर्छ भन्ने सोचमा अल्झिएर नबस्नुहोस् । केही मानिसहरूले हप्तामा केही घण्टा मात्र दिन सक्छन् भने केहीले पूर्णरूपमा प्रतिबद्ध हुन तयार हुन सक्छन्।

यदि तपाईं पास्टरको रूपमा सेवा गरिरहनु भएको छ भने, तपाईँको मण्डलीमा को–को अझै सक्रिय रूपमा चेलाहरू बनाउने सेवामा संलग्न हुन इच्छुक छन् भन्ने विचार गर्नुहोस्। धेरैलाई छनौट गर्ने कुरामा सावधान रहनुहोस। बरु सबैलाई सामान्य रूपमा बोलाउनुहोस्। त्यसपछि दर्शन बाढ्ने बैठकमा को–को उपस्थित भएका छन हेर्नुहोस्। परमेश्वरले तपाईंको साथमा यस यात्राको लागि को–को लाई छानिरहनु भएको छ भन्ने कुरा देख्दा तपाई छक्क पर्नुहुनेछ।

तपाईंले उक्त बैठकलाई यस प्रकारको नाम दिन सक्नुहुन्छ:
**“चेलाहरू बनाउने दर्शनको खोजी"**

आफ्नो दर्शन बाढ्ने मिति र समय तय गर्नुहोस् र मानिसहरूको समूहमा निमन्त्रणा पठाउनुहोस् । तपाईं जे देख्न चाहनुहुन्छ त्यसको बारेमा स्पष्ट रुपमा जानकारी बाढ्नुहोस्, जसले उनीहरूभित्र रुचि र उत्साह जगाओस्।" तर सम्पूण जानकारि एकै पटक नदिनुहोस।

**तपाईँको दर्शन बारे बताउने बैठक कहिले हुनेछ?**
**तपाईँले कस-कसलाई निमन्त्रणा दिनुभएको छ?**
**(आफ्नो नोट बुकमा टिप्नुहोस्)**

**चरण २: दर्शन प्रस्तुत गर्ने बैठक आयोजना गर्नुहोस् ।**
**(२ घण्टा खाना सहित)**

दर्शन प्रस्तुत गर्न, छलफल गर्न र एकसाथ प्रार्थना गर्न केहि घण्टाको समय निर्धारण गर्नुहोस्। यदि उपयुक्त हुनेछ भने तपाईंले केही खाजा वा भोजन पनि खान सक्नुहुन्छ।

छोटो परिचय पछि, सबैले एकअर्कालाई चिनाउन यी आधारभूत रूपरेखा अपनाउनु हेस्। यसलाई सिर्जनात्मक बनाउनुहोस् र आफ्नै शैलीमा प्रस्तुत गर्नुहोस्। यो तपाईँलाई आवश्यक पर्दा मदत गर्ने एउटा रूपरेखा मात्र हो।

**१ महान् आज्ञाको समीक्षा**

मत्ती २८: १८ – २० सबै एक साथ पढ्नुहोस्।
यो एक सामान्य र प्रख्यात पद हो। यसलाई पढ्नुहोस् र सबैलाई यस पदबारे आफ्नै शब्दमा बताउन भन्नुहोस्। त्यसपछि यी प्रश्नहरू सोध्नुहोस्:

- तपाईँलाई चेला बनाउनुको अर्थ के हो जस्तो लाग्छ?
- के येशूले दिनुभएको आज्ञा हामीले पालन गरिरहेका छौं? छौँ भने कुन हदसम्म गरिरहेका छौं?
- यो आज्ञा कसको लागि हुनसक्छ? सबैका लागि वा विशेष मानिसहरूका लागि?

तपाईंले उनीहरूलाई यो बुझ्न मद्दत गर्न सक्नुहुन्छ कि येशूले आज्ञा दिनु भए अनुसार हरेक चेलाले चेला बनाउनुपर्छ। यो केवल पास्टर वा अगुवाहरूको काम वा जिम्मेवारी मात्र होइन, तर येशूको पछि लाग्ने सबैको जिम्मेवारी हो।

**२ नयाँ नियममा मण्डली कसरी बढ्दै गए भन्ने विषयमा बाइबल अध्ययन।**

- नयाँ नियममा कसरी सुसमाचार फैलियो?

प्रेरित २: ४२ – ४८ पढ्नुहोस्।

- नयाँ नियमको मण्डली कस्तो थियो? तपाईंले त्यसमा के के देख्नुभयो वा बुझ्नुभयो?
- यो कसरी फैलियो?
- के यो द्रुत गतिमा बढ्यो? किन?
- चेला बनाउने र चेलाहरूको नयाँ समूह सुरु गर्नेहरू को–को थिए? के यो केवल पावल र प्रेरितहरूले मात्र गरेका थिए ?

२ तिमोथी २: २ पढ्नुहोस्।
सोध्नुहोस्: यस पदमा उल्लेख गरिएका मानिसहरूको को हुन्?
पावलले तिमोथीलाई चेला बनाए, तिमोथीले विश्वासी मानिसहरूलाई चेला बनाए, र ती विश्वासी मानिसहरूले अरूलाई सिकाउनेहरुलाई चेला बनाए।
**पुस्तागत वृद्धिको बारेमा छोटकरीमा कुरा गर्नुहोस्।**
**सोध्नुहोस्: के हामीले पनि यहाँ यस्तै पुस्तागत वृद्धि देख्न सक्छौ?**

**३. वर्तमान समयका अभियानहरू।**
आज संसारका धेरै भागहरूमा सुसमाचार अद्भुत तरिकाले फैलिरहेको छ। तपाईँले यो भिडियो उनीहरूलाई देखाउन सक्नुहुन्छ।
https://www.youtube.com/watch?v=g6MNP9SI10g

**अभियानका विशेषताहरु यस प्रकार छन्:**
१) छिटो वृद्धि हुने – (तपाईं हात्तीको चाल शैलीको मण्डली र खरायोके चाल शैलीको मण्डलीको तुलना गर्न सक्नुहुन्छ।)
२) स्थानिय (स्वदेशी) – अर्थात् स्थानीय संस्कृतिमा आधारित।
३) गुणात्मक रूपमा समूहहरू वृद्धि हुने (थपिएर मात्र वृद्धि हुनुको सट्टा)
४) येशूका आज्ञाकारी अनुयायीहरू (परमेश्वरको वचनलाई तुरुन्तै व्यवहारमा उतार्नु)

**४. आफ्नो क्षेत्रमा अभियान देख्नको लागि आफ्नो दर्शन वर्णन तयार गर्नुहोस्।**

- परमेश्वरले तपाईँसँग के बोल्दैहुनुहुन्छ छ र तपाईँलाई  यसमा सहभागी हुनको लागि मानिसहरूको समुह किन चाहिन्छ? भन्ने कुरा बाढ्नुहोस।
- यदि तपाईँले पहिला नै आफ्नो अन्तिम दर्शनको वर्णन तयार पार्नुभएको छ भने उनीहरुसँग बाढ्नुहोस र उनीहरुको विचारको लागि आमन्त्रित गर्नुहोस्।

**सोध्नुहोस्: तपाईंलाई लाग्छ यो यहाँ हुन सक्छ?**

**५. प्रतिबद्धताको लागि निमंत्रण गर्नुहोस।**

क. समय सीमा दिनुहोस् (दुई हप्ता भन्दा बढी होइन) उनीहरूलाई प्रार्थना गर्न तथा परमेश्वरसँग सोध्न आग्रह गर्नुहोस्। के उनीहरू यो दर्शनको हिस्सा बन्न बोलाइएको हो? यसमा लाग्ने समय र प्रतिबद्धता कस्तो हुन्छ भन्ने कुरा उनीहरूलाई बुझ्न सहयोग गर्नुहोस्।

ख. प्रत्येक हप्ता केहि छोटा प्रशिक्षण भिडियोहरू हेर्ने र उक्त हप्ताहरुमा चाल्नुपर्ने कदमहरू व्याख्या गर्नुहोस्। हरेक हप्ता वा दुइ हप्तामा एक पटक भेट्नको लागि योजना बनाउने प्रस्ताव  गर्नुहोस् । (यो पहिला नै निर्णय गर्नुहोस् ) भिडियोहरू हेरेपछि, तपाईंले सिकेको कुरा कसरी कार्यान्वयन गर्ने वा लागु गर्ने भनेर सँगै योजना बनाउनुहोस।

नयाँ चेलाहरूको समूह सुरु नभएसम्म तपाईले यी कामहरु गरीरहनुहोस् । जुन गुनात्मक रूपमा बृद्धि हुनेछ।

ग. आफ्नो प्रतिवद्धताको लागि प्रारम्भिक समयसीमा स्थापित गर्नुहोस्। (के तपाईँले उनीहरूलाई ३, महिना ६ महिना ,वा दुई वर्ष आदिको लागि प्रतिबद्ध हुन भनिरहनुभएको छ?)

घ. प्रत्येक व्यक्तिलाई आफू कहाँ बोलाएर सोध्नुहोस, चाहे उनीहरूको प्रतिक्रिया हो होस् ,होइन होस्, वा "अहिले होइन" होस्।

ङ. उनीहरूलाई भन्नुहोस् कि तपाईँले उनीहरूलाई केही थप भिडियो र जानकारी पठाउनुहुनेछ।

## चरण ३: उनीहरूको सहभागीतालाई पछ्याउनुहोस् र  पुष्टि गर्नुहोस्। (आगामी केही दिन वा केही हफ्ता)

आगामी दिनहरूमा, बैठकमा उपस्थित भएकाहरूसँग सम्पर्कमा रहनुहोस्। उनीहरूलाई लेखेर वा इमेल मार्फत केही सन्देशहरू पठाउनुहोस् यसरी तपाईंले तिनीहरूको सहभागिताको कदर गर्नुहुन्छ र तिनीहरूको विचारका बारेमा तपाईं तिनीहरूका लागि प्रार्थना गर्दै हुनुहुन्छ भन्ने उनीहरूले थाहा पाउनेछन् ।

## चरण ४: तपाईंको पहिलो DMM टोली बैठकको योजना बनाउनुहोस् र आयोजना गर्नुहोस्।

त्यसपछि, सुरु गर्नुहोस्! यदि एकजना व्यक्तिले मात्र प्रतिबद्धता जनाए पनि, नियमित रूपमा भेट्घाट सुरु गर्नुहोस्। पछि अरु व्यक्तिहरू यसमा जोडिने छन वा तपाईँसँग ठूलो समूह छ भने त्यो पनि ठिकै छ।

सम्भवत: केही व्यक्तिहरू बाहिरिन सक्छन् तर केहि महिनाहरूमा त्यो समुह अझ सशक्त हुनेछ। यो तपाईँमा निर्भर छ, तर हामी तपाईँलाई हप्तामा एकपटक वा कम्तिमा पनि दुई हप्तामा एकपटक  भेट्नको लागि प्रयास गर्न सल्लाह दिन्छौं। केही घण्टाको लागि मात्र भएपनि भेट्नुहोस् । यसो गरिएन भने तपाईँले गति गुमाउनुहुनेछ। सबैजनाले आफ्नो क्यालेन्डरमा राख्न सक्ने नियमित दिन र समय तय गर्नुहोस्।

### तपाईँको डियमयम (DMM) टोली कहिले भेट्नेछ?

**कार्य कदमहरू:**
१) दर्शन वर्णन प्रस्तुत गर्ने बैठक आयोजना गर्नुहोस्।
२) डीएमएम (DMM) समुह बनाउन सुरु गर्नुहोस्।

**नोट: यस पाठमा अल्झिरहनु हुँदैन। अगाडी बढ्नका लागि सक्दो प्रयास गर्नुहोस । यदि तपाईंले आफ्नो समुहको लागि तुरुन्तै कसैलाई फेला पार्न सक्नुभएन भने, अर्को पाठमा अघि बढ्नुहोस, तर यस बारे निरन्तर प्रार्थना गरिरहनुहोस् र पछि यसमा फर्किएर पुरा गर्नु होस।**



लूका ६:१२-१८ ले हामीलाई बताउँछ कि येशूले आफ्ना चेलाहरू छान्नु अघि रातभरि प्रार्थना गर्न डाँडामा जानुभयो। उहाँकै पाइला पछ्याउँदै हामीले पनि प्रार्थना गर्नुपर्छ कि परमेश्वरले हामीसँग DMMs को लागि काम गर्न सही मानिसहरू पठाइदिउन।

# अन्तिम दर्शनको वर्णन विकास गर्नुहोस्।




### अन्तिम दर्शनको वर्णन कसरी विकास गर्ने?

धेरै मानिसहरू चेला बनाउने अभियानको विचारबाट उत्साहित हुन्छन्। त्यो सङ्ख्याको तुलनामा थोरैले मात्र आफ्नो सेवकाइ र स्थानमा अभियान जारि राख्दछन।

- यो असम्भव भएको कारणले होइन ।
- किनभने तिनीहरूमा परमेश्वरको हृदय नभएको भने होइन।

किन ती धेरै पटक हुँदैनन्? एउटा कारण यो पनि हो कि मानिसहरूले सुरुदेखि नै स्पष्ट दर्शन विकास गर्न समय निकाल्दैनन् ।

### तपाईँहरूलाई स्पष्टताको आवश्यक छ।

एक अन्तिम दर्शनको कथनले तपाईँ र तपाईँको समुहलाई प्रार्थना र चेला बनाउने काममा आवश्यक ध्यान केन्द्रित गर्न मद्दत गर्दछ।

यसले तपाईँ र तपाईँको समुहलाई विचलित हुनबाट जोगीन मद्दत गर्छ। स्पष्ट लक्ष्यबिना हामी सजिलै विचलित हुन सक्छौं र हामी अर्थपूर्ण नभएका कामहरुमा हाम्रो समय बर्बाद गर्न सक्छौँ ।

जब हामीले हाम्रा लक्ष्य र प्राथमिकताहरू के हो भनि लेख्छौँ, हामी तिनीहरुमा धेरै क्रेन्दित रहन्छौँ। वास्तवमा यो सत्य हो यदि हामीले ति लेखहरू त्यस्तो ठाउँमा राख्छौ जहाँ हामी तिनीहरुलाई हरेक दिन देख्न सक्छौँ । यदि हामीले अनुकूल उत्तरदायित्व थप्यौँभने हामी फलदायी हुने सम्भावना धेरै हुन्छन् । तालिमले पनि हामीलाई मद्दत गर्छ।

धेरै मण्डली स्थापनाकर्ताहरु मेसिनरीहरु र पास्टरहरू डिएमएममा (DMMs) रुचि राख्छन्। तर उहाँहरूले यसको बारेमा परमेश्वरबाट स्पष्ट रूपमा सुन्न समय निकाल्नु भएको छैन। उहाँहरुले के खोजिरहनु भएको छ सो कुरा स्पष्ट रूपमा लेख्नु भएको छैनन्। ध्यान केन्द्रित नहुनु चेला बनाउने अभियानमा एक बाधक हो।

तब परमप्रभुले मलाई जवाफमा भन्नुभयो, तैंले यो दर्शन पाटीहरूमा प्रष्ट गरी लेख्, र समाचारवाहक त्यससित दौड्न सकोस्। हबकूक 2:2

## तपाईँको अन्तिम दर्शनलाई स्पष्ट पार्ने चार कार्यहरू।

तपाईँको अन्तिम दर्शन के हो भनेर स्पष्ट पार्न आवश्यक समय लगानी गर्नुहोस्। चित्रहरू कोरेर सुरु गर्नुहोस्, त्यसपछि यसलाई संक्षेपमा व्यक्त गर्न आफ्नो संक्षिप्त बयान तयार गर्नुहोस्। यसलाई पटक पटक हेर्नुहोस। त्यसपछि यसलाई आफ्नो समुहको अघि राख्नुहोस्, यसलाई पुनरावलोकन गर्नुहोस् र आगामी केहि वर्षहरूमा यसको लागि निरन्तर प्रार्थना गरीरहनुहोस्।

## कार्य एक: यसलाई कोर्नुहोस् ।

यदि तपाईँले चाहनुभएका सबै कुरा पूरा भयो भने कस्तो देखिन्छ होला? यदि तपाईँको सम्पूर्ण समूह वा शहरमा सुसमाचार पुग्ने हो भने के हुन्छ होला? परिवर्तन र चेलाहरू?

पहिले हामी तपाईँलाई यसको चित्र बनाउन सिफारिस गर्छौं। रेखाहरुको मात्र भए पनि चित्र बनाउनुहोस। एक ठूलो चार्ट कागज लिनुहोस्। टोलीको रूपमा, यदि राज्यको रूपान्तरण भयो भने के के देख्न सकिन्थ्यो होला त्यसको चित्रहरू बनाउनुहोस्।

**अन्तिम दर्शन कथनहरूमा यी तत्त्वहरू समावेश हुनुपर्छ :**

- प्रत्येक गाउँ, सहर वा छिमेकको स्थानहरु, पहुँच नपुगेका मानिसहरू कहाँ बस्छन्, प्रत्येक जाति समूह र धार्मिक क्षेत्रहरूको (पहुँच नपुगेका मानिसहरू कहाँ बसोबास गर्छन्)
- अवस्थित मण्डलीहरू र ईसाई सेवाहरूको स्थानहरु (तपाईंको नक्सा वा तस्वीरमा थप्नुहोस्)।
- त्यहाँ अझै ईसाईहरू, ख्रीष्टियन सेवाहरू, वा मण्डलीहरू छैनन् ?

फलस्वरूप के तपाईँले यी कुराहरूलाई आफ्नो तस्बिरमा समावेश गर्न चाहानुहुन्छ।

## कार्य दुई :परमेश्वरले के भनिरहनुभएको छ ? त्यो सुन्न समय निकाल्नुहोस् ।

जब तपाईँ परमेश्वरको प्रतीक्षा गर्नुहुन्छ ,र सँगै प्रार्थना गर्नुहुन्छ उहाँले तपाईँसँग कुरा गरिरहनुभएको महसुस गर्ने कुराहरु रेकर्ड गर्नुहोस्। तपाईँले अघिल्लो पाठमा नै यो गरिसक्नुभएको हुनसक्छ।

**लेख्नुहोस् :**

- परमेश्वरले तपाईँको टोलीलाई दिनुभएको प्रतिज्ञाहरू
- भविष्यवाणीका शब्दहरू, धर्मशास्त्र र चित्रहरू

यी कुराहरू तपाईँको टोलीको लागि आधार बन्नेछन् । कतिपय कठिन परिस्थितिहरू आउँदा यिनै कुराहरूमा फर्कनुहोस्। परमेश्वरले जे गर्ने उद्देश्य राख्नुभएको छ त्यो पुरा हुनेछ। (हितोपदेश १९: २१)

हाम्रो काम भनेको परमेश्वरले दिनुभएको दर्शनमा उहाँसँग साझेदारी गर्नु हो, आफ्नै दर्शन सृजना गर्नु होइन। उहाँको हृदयमा रहेको सपनाको खोजी गर्न व्यक्तिगत रूपमा र टोलीको रूपमा समय निकाल्नु उचित हुन्छ। त्यसपछि तपाईंले यसमा तपाईंको विशेष भूमिका के छ भनेर देख्न सक्नुहुन्छ।

## कार्य तीन : चेलाहरूको गुणात्मक बृद्धि सम्बन्धित आफ्नो लक्ष्य स्पष्ट पार्नुहोस्।

निर्धारण गर्नुहोस् कि तपाईं DMM (चेला बनाउने अभियान) पछ्याउँदै हुनुहुन्छ, वा घरेलु मण्डली सञ्चालन गर्दै हुनुहुन्छ, या आफ्नो वर्तमान मण्डलीलाई वृद्धि गर्न चेला गुणन गर्न चाहनुहुन्छ। चेला बनाउने अभियान (DMM) को दर्शनलाई साँच्चै अङ्गाल्नु भनेको आवश्यक पर्न सक्ने परिवर्तनहरूको लागत मूल्यांकन गर्न तयार हुनु हो।


तपाईँले विभिन्न तरिकाहरू अपनाउनुपर्नेछ र साधारण विश्वासीहरूलाई निरन्तर नेतृत्व गर्नुपर्नेछ । के तपाईँ त्यसको लागि तयार हुनुहुन्छ ? मलाई आशा छ तपाईँको उत्तर “तयार छु”हुनेछ ।

क) के तपाईँको लक्ष्य अवस्थित चेलाहरुले चेला बनाउने र त्यसपछि उनीहरूलाई मुख्य मण्डलीमा फिर्ता ल्याएको हेर्नु हो?





चेलाहरूले धेरै मानिसहरुलाई मण्डलीमा ल्याउने काम गर्छन्।

ख ) के तपाईँको लक्ष्य मण्डली सुरु गर्नु हो ? एउटा केन्द्रीय मण्डलीमा धेरै घरेलु समूहहरू अथवा घरेलुसँगतिहरू हुन्छन्, तर सबैजना हरेक हप्ता वा महिनामा आफ्नो मुख्य मण्डलीमा  संगति गर्न फर्कन्छन् ।





ठुलो मण्डली निकायको एक भागको रूपमा भेला हुने साना समूहहरू सुरु गर्नुहोस् ।


ग ) के तपाईँको लक्ष्य मुख्य मण्डलीमा हप्ताको सानो समूहको रूपमा काम गर्ने र खोजमूलक बाइबल अध्ययन (DBS) समूह सुरु गर्ने हो ? एक मण्डलीको रूपमा सुसमाचार प्रचार गर्ने प्रयासलाई सुधार गर्न डिबिएस (DBS) प्रयोग गर्नुहुनेछ ।




चेलाहरूले मण्डलीमा धेरै मानिसहरुल्याउने गर्छन्।





ठुलो मण्डली विभागीय भागको रूपमा भेला हुने साना समूहहरू सुरु गर्नुहोस् ।




मण्डली बृद्धिको लागि खोजमूलक बाइबल अध्ययन समुह सुरु गर्नुहोस्।




गुणात्मक बृद्धि अभियानको लागि चेला बनाउने स्वस्थकर समुह सुरु गर्नुहोस्।




मण्डली बृद्धिके लागि खोजमूलक बाइबल अध्ययन समुह सुरु गर्नुहोस्।

घ ) चेला बनाउने समूहहरूको पुनरूत्पादन अभियान सुरु गर्ने तपाईँको लक्ष्य हो ? यसमा टिफोटी (T4T) समूहहरू डिबिएस्(DBS)समूहहरू वा घरेलु मण्डलीहरू समावेश हुन्छन् । यी समूहहरूले एउटै अभियान बनाउनेछन् तर कहिलेकाही सम्पूर्ण रूपमा एकसाथ भेला हुन्छन्। छिटो छिटो गुणात्मक बृद्धि प्राकृतिक हो । यो माथिबाट नियन्त्रण गरिँदैन ।




चेला बनाउने समूहको स्वस्थकर गुणात्मक बृद्धि अभियान सुरु गर्नुहोस्।

केही पुस्ताहरू अगाडि बढेपछि तपाईँले अभियानका धेरैजसो मानिसहरूलाई चिन्नु हुने छैन। प्रत्येक हरेक स्तरका चेलाले अर्को स्तरका चेलाको अनुशासनको जिम्मेवारी लिनुपर्छ। हरेक स्तरका ठूला व्यक्तिहरू र प्रशिक्षकहरूले तलका पुस्ताका लागि सेवा गर्छन् ।

यी चार विकल्पहरूलाई विचार गर्दा तपाईँलाई परमेश्वरले दिनुभएको सपनाहरूमा सबैभन्दा राम्रो वर्णन कुन हुन सक्छ ?

यो कोर्स तपाईँलाई चेला बनाउने अभियानको सुरु गर्नलाई मद्दत गर्न डिजाइन गरिएको हो जुन विकल्प (घ) हो। यदि तपाईँको दिमागमा अर्को कुनै विकल्प छ भने तपाईँले के गर्न चाहनुहुन्छ भनेर प्रार्थना सहित पूनमुल्याङ्कन गर्नु राम्रो हुन सक्छ।

## कार्य चार :आफ्नो अन्तिम दर्शनलाई सरल कथनमा परिणत गर्नुहोस्।

तपाईँले माथि सम्पन्न गर्नुभएका सबै कुरालाई ध्यानमा राखेर ,यसलाई सरल र छोटो तरिकामा राख्नुहोस्। जसले तपाईके दर्शन वर्णन गर्नेछ।

यहाँ अन्तिम दर्शनको केही वास्तविक उदाहरणहरू वर्णन गरिएका छन्। शब्दहरूमा अल्झिएर नबस्नुहोस्। यो पूर्ण हुनपर्छ भन्ने छैन। यी कुराहरू तपाईँले प्रगति गर्दै जाँदा परिमार्जन गर्न सकिन्छ तर यसलाई अहिले नै सिर्जना गर्नु सबैभन्दा महत्वपूर्ण हुन्छ।

उत्तरी भारतका गढवाली मानिसहरू माझ मण्डली अभियान हेर्न। यो १० पुस्तासम्म चल्नेछ जसमा ३ हजार घरेलु मण्डलीहरू, ३ हजार स्थानीय अगुवाहरू हुनेछन्, र ८ वर्षभित्र २० गाउँहरूमा सुसमाचारको पहुँच पुग्नेछ।

- थाइल्याण्डको पटायामा: चेला बनाउने अभियान हेर्नको लागि हाम्रो सहरको प्रत्येक इलाकामा कम्तिमा एउटा डिबिएस (DBS) समूह हुनुपर्नेछ। हामी चिनिया जाती, थाई, मालिया र खमेरका मानिसहरूका बीच गुणनात्मक डिबिएस (DBS) समुहहरू स्थापना गर्नेछौँ । रूपान्तरणको परिमाणस्वरूप अपराध र मानव बेचबिखनको दरमा उल्लेखनीय कमी आउनेछ जुन १० वर्षभित्र हुनेछ।

**यहाँ खाली ठाउँहरू भर्ने स्थान छ जुन तपाईँले आफ्नै भनाई सृजना गर्न प्रयोग गर्न सक्नुहुन्छ।**

(स्थान) मा, (जातीय, भाषा समूह वा धार्मिक समूह) मा चेलाहरूको अभियान हेर्नको लागि। (मिति वा वर्ष उल्लेख) मा (संख्या उल्लेख गर्नुहोस्) घरेलु मण्डली वा चेला बनाउने समूहहरू देख्नेछौं। यसले समुदायमा निम्न रुपान्तरणका परिणाम ल्याउनेछ, जस्तै (सामाजिकमा हुने परिवर्तनहरूको सूची बनाउनुहोस्।)

**अन्तिम दर्शन वर्णनको लागि कुनै जादुमय सूत्रहरू छैनन्।**
**महत्त्वपूर्ण कुरा यो हो ।**
**१) यो तपाईँको सम्पूर्ण समुहले सृजना गरेर आर्जन गरेको हो।**
**२) यो स्पष्ट र मापनयोग्य हुन्छ ।**
**३)यसले जोड्ने वृद्धिलाई मात्र होइन तर गुणात्मक वृद्धिलाई पनि प्रतिबिम्बित गर्दछ ।**

**अगाडि बड्नुहोस् ! तपाईँको अन्तिम दर्शनको वर्णनलाई अहिले लेख्नुहोस्।प्रार्थनापूर्वक यसलाई आफ्नो समुहका अरूहरूसँग बाँड्नुहोस् ।**

**सम्झनुहोस्, यो अन्तिम उत्पादन होइन , तपाईँ यसलाई समयसँगै समायोजन र परिवर्तन गर्न सक्नुहुन्छ। तर लिखित रूपमा केही हुनुले तपाईँलाई आफ्नो प्रार्थनाकोशक्तिको लागि ध्यान केन्द्रित गर्नेछ र लक्ष्यको लागि स्पष्ट गन्तब्य पनि दिनेछ।**



**कार्यका चरणहरू :**
**१ ) चार्ट पेपर लिनुहोस् र सम्बन्धित क्षेत्रको नक्सा कोर्नुहोस् ।**
**२ ) बाइबलका वचन र परमेश्वरले तपाईँसँग के बोल्दै हुनुहुन्छ त्यो लेख्नुहोस्**
**३ ) अन्तिम दर्शनको वर्णनको नमुना तयार पार्नुहोस् (यदि तपाईँ सँग छ भने आफ्नो टोलीसँग मिलेर)**
**४ ) तपाईँको लक्ष्य केवल चेलाहरूको वृद्धि होइन तर अभियान हो कि होइन भनेर स्पष्ट पार्नुहोस्।**
**५ ) प्रतिक्रियाको लागि तपाईँले तयार पार्नुभएको अन्तिम दर्शनको नमुना सहजकर्ता वा प्रशिक्षकलाई पठाउनुहोस्।**

## पाठ ५
# आफ्नो दर्शनको वर्णन लेख्नुहोस।



**आफ्नो प्रतिक्षकबाट जानकारी प्राप्त गरेपछि, आफ्नो अन्तिम दर्शनको वर्णन लेख्नुहोस।**
**यसलाई लेख्दा पाठ ३ मा दिइएको ढाँचा अनुसार लेख्नुहोस।**

**कार्य कदमहरू:**
१)आफ्नो अन्तिम  दर्शनको वर्णन लेख्नुहोस्।
२) यसलाई सहजकर्ता वा प्रशिक्षकलाई दिनुहोस र आफ्नो समूहमा पोस्ट गर्नुहोस्। (अनलाईन समुहमा)
३) उहाँहरूबाट प्रतिक्रिया लिनुहोस् र आवश्यक भएमा पुन जाच्नुहोस।
४) यसलाई प्रिन्ट गर्नुहोस् वा प्रतिलिपि बनाउनुहोस् यसलाई त्यहाँ राख्नुहोस् जहाँ तपाईं यो वर्णनलाई नियमित हेर्न सक्नुहुन्छ। यसको लागि विश्वासका साथ प्रार्थना गर्नुहोस्।